# नेपाली जनसम्पर्क समिति,अमेरिका

## न्यूयोर्क च्याप्टर अधिवेशन तयारी समिति

न्यूयोर्क,अमेरिका

मिति : जुलाई २२,२०१०

**हार्दिक अपील**

नेपाली जनसम्पर्क समिति,एकताको दोश्रो महाधिवेशन तयारी समिति अन्तर्गतको यस न्यूयोर्क च्याप्टरको अधिवेशन आगामी अगष्ट ८ तारिख आइतवार सम्पन्न गर्ने निर्णय भएको छ। यही जुलाई २० तारिख बसेको च्याप्टरको तयारी समितिको बैठकले यस्तो निर्णय गरेको हो। अधिवेशन तयारी समितिको संयोजकको हैसियतले म मेरो व्यक्तिगत र सम्पूर्ण तयारी समितिको तर्फबाट न्यूयोर्क राज्यमा छरिएर रहनु भएका नेपाली काँग्रेसप्रति आस्थावान सम्पूर्ण शुभेच्छुक एवं शुभचिन्तकहरुलाई अधिवेशनमा भाग लिई अधिवेशन सफल बनाई दिनु हुन आग्रह गर्दछु।

साथीहरु अहिले हामी विगतका सबै तिक्तताहरुलाई भुलेर एकताको अधिवेशन सफल बनाउन लागि परेका छौं। तसर्थ सबैखाले असहमतिलाई सहमतिमा परिणत गर्दै एकताको अधिवेशनलाई पूर्ण सफल बनाउन र यसै अधिवेशनबाट नेपाली जनसम्पर्क समिति,अमेरिकाको निकट भविश्यमा हुने केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधि चयन गर्ने कार्यक्रम समेत भएको हुँदा सबै साथीहरुलाई समयमा नै सदस्यता लिनु भई अधिवेशन सफल पारिदिनु हुनका लागि पुनः एकपटक आग्रह गर्दछु।

जय नेपाल।

**(कृष्ण पोखरेल)**

संयोजक